## नव प्रर्वतन साझेदारी कोष कार्यक्रम
## समुदाय रुपान्तरणका लागि नविनतम प्रयास परियोजना

# ठुलो सिहोरवाको गुरु योजना

(भौगोलिक सुचनामा आधारित)

(२०७९ देखी २०८३)





प्रकाशन

मायाँदेवी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु

२०८०

नवप्रर्वतन साझेदारी कोष कार्यक्रम अन्तरगत

सामुदाय रुपान्तरणका लागि नविनतम प्रयास परियोजना

पुस्तक : ठुलो सिहोरवा गुरुयोजना

(सुचना प्रणालीमा आधारित)


सल्लाहकार : वलिउद्दीन मुसलमान (अध्यक्ष)

: सरस्वती यादव (उपाध्यक्ष)

: प्रमेश्वर यादब (प्रमुख प्रशासकीय अधिकृत)

व्यवस्थापन : रामचन्द्र चौधरी

(सुचना तथा प्रविधि अधिकृत)

प्राविधिक सहयोग : चन्द्र कुमार तिवारी

सरल नेपाल



प्रकाशन

मायाँदेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु

# मायाँदेवी गाँउपालिका

पकडी, कपिलवस्तु

पत्र संख्या
चलानी नं.

## शुभ कामना

समयको गति संगै सबैकुरा परिवर्तनशील रहेकोछ । हामीले चाहेको सकारात्मक परिवर्तन नै विकास हो, त्यसका लागि सही तथ्यांङ्क त्यसको आधार हो। त्यसैले कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकाको ५ नं. वडाको ठुलो सिहोरवा गाउँको समग्र बस्तु स्थितीहरुलाई नविनतम प्रविधिहरुको प्रयोग गर्दै ठुलो सिहोरवाको बृहत बस्तुगत विवरणलाई प्रिन्टमा मात्र नभएर डिजिटलरुपमा समेत निर्माण गरेकोमा एक कदम अगाडी बढेको महसुस गरेको छु । ठुलो सिहोरहवामा बसोबास गर्ने हरेक घर घरबाट पारिवारिक तथ्याकं र संस्थागत भौगोलिक र जैविक विविधताको विवरणले यस ५ नं. वडाको सिहोरवा बस्तीलाई आगामी दिनमा नमुना बस्ती निर्धारण गर्नको लागि महत्वपूर्ण सहयोग पुयाउने मात्र नभएर सरोकारवालाहरु सवैमा अति उपयोगी सन्दर्भ सामग्री हुनेमा म विश्वस्त छु।

अन्त्यमा यसको तयारी लेखन तथा सम्पुर्ण प्राविधिक सहयोग गरिदिनु भएकोमा सरल नेपाल संस्थाका अध्यक्ष चन्द्र कुमार तिवारी र उहाँका टिमलाई धन्यवाद दिन चाहन्छु। साथै गुरुयोजना निर्माण गरेकोमा वडा कार्यालय तथा नवप्रर्वतन साझेदारी कोषका सम्पर्क ब्यक्ति तथा सामाजिक परिचालकहरु र ठुलो सिहोरवाको बासिन्दाहरुलाई बधाई तथा शुभकामना दिन चाहन्छु।

.............

वलिउद्दीन मुसलमान

अध्यक्ष

# मायाँदेवी गाँउपालिका

पकडी, कपिलवस्तु

पत्र संख्या
चलानी नं.

## शुभ कामना

लुम्विनी प्रदेश सरकार र जिल्लाको मायादेवी गाउँपालिका बिच भएको सम्झौता अनुसार मायाँदेवी गाउँपालिको ५ नं. वडाको ठुलो सिहोरवा गाउँको समग्र बस्तुस्थितीहरुलाई नविनतम प्रविधिहरुको प्रयोग गर्दै ठुलो सिहोरवाको भौगोलिक सूचनामा आधारित गुरुयोजना निर्माण भएकोमा खुशी महसुस गरेकी छु । ठुलो सिहोरहवामा बसोबास गर्ने  हरेक घरघरबाट पारिवारिक तथ्याकं र संस्थागत भौगोलिक र जैविक विविधताको विवरणले यस ५ नं. वडाको सिहोरवा बस्तीलाई आगामी दिनमा नमुना बस्ती निर्धारण गर्नको लागि महतवपूर्ण सहयोग पुयाउने मात्र नभएर सरोकारवालाहरु सवैमा अति उपयोगी सन्दर्भ सामाग्री हुनेमा म विश्वस्त छु ।

अन्त्यमा यसको तयारी लेखन तथा सम्पुर्ण प्राविधिक सहयोग गरिदिनु भएकोमा  सरल नेपाल संस्थाका अध्यक्ष चन्द्र कुमार तिवारी र उहाँका टिमलाई धन्यवाद दिन चाहन्छु । साथै यस कार्यको लागि सहयोग पुऱ्याउने नवप्रर्वतन साझेदारी कोषका कर्मचारी र ठुलो सिहोरवाको बासिन्दाहरुलाई शुभकामना दिन चाहन्छु ।

.....................

सरस्वती यादव

उपाध्यक्ष

## मन्तब्य

स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रर्वतनको माध्यमबाट नवीनतम सोच र शिर्जनशीलता प्रवर्द्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा ब्यवस्था रहेको नवप्रर्वतन साझेदारी कोषका माध्यमबाट प्रदेश तथा स्थानीय तहको लगानीमा नवीनतम परियोजनाहरु संचालन गर्नको लागि मायाँदेवी गाउँपालिका र मुख्य मन्त्रीको कार्यालय बिच भएको सम्झौता अनुरुप यस पालिकाको ५ नं. वडाको ठुलो सिहोरवामा कार्यक्रम संचालनमा आएकोछ ।

सकारात्मक परिवर्तन नै विकासको मुल आधार हो । कुनै पनि ठाँउको योजना निर्माणको लागि त्यस ठाँउको तथ्याङ्किय आधार हुनु पर्ने हुन्छ । त्यसै कुरालाई मध्येनजर राखेर मायादेवी गाउँपालिकाको ५ नं. वडा अन्तरगत ठुलो सिहोरवा गाउँको समग्र बस्तुस्थितीहरुलाई नविनतम प्रविधिहरुको प्रयोग गर्दै ठुलो सिहोरवाको बृहत बस्तुगत विवरणलाई प्रिन्टमा मात्र नभएर डिजिटलरुपमा समेत निर्माण गरेकोमा एक कदम अगाडी बढेको महसुस गरेको छु । ठुलो सिहोरहवामा बसोबास गर्ने  हरेक घरघरबाट पारिवारिक तथ्याकं र संस्थागत भौगोलिक र जैविक विविधताको विवरणले यस ५ नं. वडाको सिहोरवा बस्तीलाई आगामी दिनमा नमुना बस्ती निर्धारण गर्नको लागि महतवपूर्ण सहयोग पुग्नुका साथै सरोकारवालाहरु पनि अति उपयोगी सर्न्दभ सामाग्री हुनेमा म विश्वस्त छु ।

अन्त्यमा यसको तयारी लेखन तथा सम्पुर्ण प्राविधिक सहयोग गरिदिनु भएकोमा  सरल नेपाल संस्थाका अध्यक्ष चन्द्र कुमार तिवारी र उहांका टिमलाई धन्यवाद दिन चाहन्छु । साथै यस कार्यको लागि सहयोग पुऱ्याउने वडा कार्यालय परिवार तथा नवप्रर्वतन साझेदारी कोषका कर्मचारी र ठुलो सिहोरवाको बासिन्दाहरुलाई धन्यवाद दिन चाहन्छु ।

..............

प्रमेश्वर यादव

प्रमुख प्रशासकीय अधिकृत

मायाँदेवी गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय
५ नं. वडा कार्यालय
बलुहवा,कपिलवस्तु

पत्र संख्या :
चलानी नं

# मन्तब्य

कुनै पनि ठाँउको योजना तर्जुमामा तथ्याङ्कीय स्वरुपको महत्वपूर्ण भुमिका हुन्छ । मुख्यमन्त्रीको कार्यालय लुम्विनी प्रदेश र मायाँदेवी गाउँपालिका विच भएको सम्झौता अनुसार नवप्रर्वतन साझेदारी कोष मार्फत नवीनतम सोच र शिर्जनशीलता प्रवर्द्धन कार्यक्रम अन्तरगत यस ५ नं. वडा ठुलो सिहोरवा गाँउको सुचना प्रणालीमा आधारित गुरुयोजना निर्माण गर्न सकेकोमा खुशी ब्यक्त गर्दछु । यस गुरुयोजनाले यस ठुलो सिहोरवाको बस्तुस्थिती प्रस्ट देखाएकोछ । नवितम प्रविधिको प्रयोग जि.आई स माध्यमबाट यस बस्तीको र वडाको सिमानको नक्सा लगायत र तथ्याकीय विधिबाट कुल जनसंख्या, परिवार संख्या लगाएत स्वास्थ्य क्षेत्र , शिक्षा क्षेत्र, समाजिक क्षेत्र आर्थिक क्षेत्र र स्थानीय श्रोत साधनको बारेमा यस पुस्तकमा उल्लेख गरएकोछ ।

यस सिहोरवाको गुरुयोजना निर्माणमा र योजना तर्जुमामा ठुलो सहयोग पुग्ने मैले विश्वाश लिएको छु । यस गुरुयोजना निर्माणको क्रममा वडा कार्यालयसंग पूर्णरुपमा समन्वय र प्रत्येक कार्यक्रममा सहभागी गराउनु भएको र सम्पूर्ण प्राविधिक सहयोग गरि पुस्तक तयार गरिदिनु हुने सरल नेपाल संस्था र वहाँको टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै नवप्रर्वतन साझेदारी कार्यक्रम यस ५ नं. वडाको ठुलो सिहोरवालाई छनोट गर्नु भएकोमा धन्यवाद पनि दिन चाहन्छु ।

......................

राघवेन्द्र प्रसाद पाण्डेय

वडा अध्यक्ष

विषय सूची


| सि.न | विवरण | पेज |
|---|---|---|
| | मन्तब्य | |
| | मन्तब्य | |
| | मन्तब्य | |
| | मन्तब्य | |
| | विषयसूची | |
| | **परिच्छेद -१** | |
| १.१ | कार्यक्रमको परिचय (Program Introduction) | १ |
| १.२ | उद्देश्यहरु (Objectives ) | १ |
| १.३ | कोषका मार्गदर्शक सिद्धान्त : (Guiding Principles of the Fund) | १ |
| १.४ | कार्यक्रमका जोखिम पक्षहरु (Risk aspects of the program) | २ |
| | **परिच्छेद -२** | |
| | ठुलो सिहोरवाको गुरुयोजना | ३ |
| २.१ | भुमिका :(Introduction) | ३ |
| २.२ | उद्देश्य : (Objective) | ४ |
| २.३ | अध्ययन क्षेत्र (Study Area) | ४ |
| २.४ | अपेक्षित प्रतिफल (Output Expected) | ४ |
| २.५ | अध्ययन विधि (Study method) | ५ |
| २.६ | निर्माण प्रक्रिया : (Steps of Making) | ६ |
| २.७ | सिमारेखा ( Limitation) | ६ |
| २.८ | जिल्लाको नक्सासंग गाउँपालिका, वडा नं.५ र सिहोरवा | ७ |

| सि.न | विवरण | पेज |
|---|---|---|
| | परिच्छेद -३ | |
| ३.१ | ठुलो सिहोरवा गाउँ सिमाना नक्सा | ८ |
| ३.२ | ठुलो सिहोरवा गाउको परिचय | ९ |
| ३.३ | भुमि क्षेत्र | ९ |
| ३.४ | घरघुरी तथा परिवार क्रम संख्या | ९ |
| ३.५ | जनसंख्या | ९ |
| ३.६ | उमेर अनुसारको जनसंख्या | ९ |
| ३.७ | धर्म अनुसारको जनसंख्या | १० |
| ३.८ | जाति अनुसारको घरपरिवार संख्या | १० |
| ३.९ | भाषा अनुसारको घरपरिवार संख्या | १० |
| ३.१० | स्वास्थ्य क्षेत्र | ११ |
| ३.१०.१ | गर्भवति जाँचको अवस्था | ११ |
| ३.१०.२ | आइरन चक्की | ११ |
| ३.१०.३ | टिटि खोपको अवस्था | ११ |
| ३.१०.४ | गर्भवति महिलाले जुकाको औषधि खाएको अवस्था | ११ |
| ३.१०.५ | सुत्केरी गराएको ठाउं | १२ |
| ३.१०.६ | सुत्केरी पछि आमा र बच्चाको जांच | १२ |
| ३.१०.७ | स्तनपानको अवस्था | १२ |
| ३.१०.८ | कुपोषणको अवस्था | १२ |
| ३.१०.९ | खोपको अवस्था | १२ |
| ३.१०.१० | जुका औषधि, भिटामिन ए र विशेष पोलियो थोपा | १३ |
| ३.१०.११ | एच आई भि एडस | १३ |
| ३.१०.१२ | आयोडिन नुन | १३ |
| ३.१०.१३ | सरुवा रोगबाट २ बर्ष भित्र मृत्यु हुने महिला पुरुष | १३ |

| सि.न | विवरण | पेज |
|---|---|---|
| ३.१०.१४ | विरामी पर्दा लैजाने ठाउँ | १३ |
| **३.११.** | शिक्षा क्षेत्र | १३ |
| **३.११. १.** | साक्षरता | १४ |
| **३.११.२.** | बाल विकास केन्द्र | १४ |
| **३.११.३** | .आधारभुत शिक्षाको अवस्था | १४ |
| **३.११.४.** | माध्यमिक तथा अन्य शैक्षिक अवस्था | १४ |
| ३.१२ | **आर्थिक क्षेत्र** | १५ |
| ३.१२.१. | घरको छानाको अवस्था | १५ |
| ३.१२.२ | खाना पाकाउनको लागि प्रयोग हुने इन्धन । | १५ |
| ३.१२.३. | खाना पकाउने चुलो अवस्था | १५ |
| ३.१२.४ | बत्तिको श्रोतको अवस्था | १६ |
| ३.१२.५ | मुख्य पेशा | १६ |
| ३.१२.६ | खाना पुग्ने र बेच्ने | १६ |
| ३.१२.७. | सहायक पेशा | १६ |
| ३.१२ ८. | जग्गाको स्वामित्व | १६ |
| ३.१२.९ | .पशुपालन | १७ |
| ३.१२.१० | पंक्षीपालन | १७ |
| ३.१२.११ | कृषिको अवस्था | १७ |
| ३.१२.१२ | कृषि उत्पादन | १७ |
| ३.१३ | सामाजिक क्षेत्र | १७ |
| ३.१३.१ | अपागंताको अवस्था | १८ |
| ३.१३.२ | बाल विवाह | १८ |
| ३.१३.३ | हिंसा सम्वन्धमा | १८ |
| ३.१३.४ | जन्म दर्ताको आवस्था | १८ |

| सि.न | विवरण | पेज |
|---|---|---|
| ३.१३.५ | विवाह दर्ता : | १८ |
| ३.१३.६ | लागु पदार्थको अवस्था : | १९ |
| ३.१३.७ | बहुविवाह | १९ |
| ३.१३.८ | बाल श्रम | १९ |
| | परिच्छेद ४ | |
| ४.१ | सिहोरवा गाउँको स.क.अ.बा. विश्लेषण ( **SWOT Analysis**) | २० |
| | परिच्छेद -५ | |
| | नमुना बस्ती बनाउनको लागि चाहिने सुचकहरु | २२ |
| ५.१. | सामाजिक क्षेत्र (Social Sector) | २२ |
| ५.१.१ | सामाजिक सदभाव तथा संस्कृती अभ्यास : | २२ |
| ५.१.२ | शिक्षा क्षेत्र सम्वन्धी सूचकहरु | २२ |
| ५.१.३ | स्वास्थ्य क्षेत्र सम्बन्धि सूचकहरु | २३ |
| ५.१.४ | खानेपानी तथा सरसफाई सम्बन्धि सूचकहरु | २३ |
| ५.२. | सुरक्षा क्षेत्र सम्वन्धी सूचकहरु | २३ |
| ५.३ | आर्थिक क्षेत्र (Economic Sector) | २३ |
| ५.३.१ | कृषि तथा पशुपालन क्षेत्र (Agriculture and Livestock Sector) | २३ |
| ५.३.२ | बजार ब्यवस्थापन (Market Management) | २४ |
| ५.४ | भौतिकपूर्वधार क्षेत्र : (Physical infrastructure Sector ) | २४ |
| | परिच्छेद ६ | |
| | योजना तथा कार्यक्रम २०८० देखी २०८४ | २५ |
| **६.१** | सामजिक क्षेत्र (Social Sector) | २५ |
| **६.२** | सुरक्षा क्षेत्र (Security sector) | २९ |

| सि.न | विवरण | पेज |
|---|---|---|
| **६.३** | आर्थिक क्षेत्र (Economic Sector) | ३० |
| **६.४** | बजार ब्यवस्थापन ( Market Management) | ३१ |
| **६.५** | भौतिकपूर्वधार क्षेत्र : (Physical infrastructure Sector ) | |
| | **परिच्छेद ७** | |
| | चुनौतीहरु र सुझावहरु | ३४ |
| | ७.१ रणनैतिक योजनाका चुनौतीहरु | ३४ |
| | ७.२.सहकार्यका लागि सिफारिस | ३४ |
| | अनुसुची १ | ३६ |
| | अनुसुची २ | ४४ |
| | सन्दर्भ सामाग्री | ४८ |

# परिच्छेद -१

## परियोजना पृष्टभुमि (Project Background)

### १.१ कार्यक्रमको परिचय (Program Introduction)

स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रर्वतनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रर्वद्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा ब्यवस्था रहेको नवप्रर्वतन साझेदारी कोषका माध्यमबाट प्रदेश तथा स्थानीयतहको सह लगानीमा नवीनतम परियोजनाहरु संचालन गरी नवप्रवर्तनलाई संस्थागत गर्न बाञ्छनीय भएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो नर्वप्रर्वतन साझेदारी कोष कार्यान्वय निर्देशिका २०७८ मार्फत कार्यक्रम संचालन गरि रहेकोछ ।

### १.२ उद्देश्यहरु : (Objectives )

क. सुशासन सार्वनजिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रर्वतनलाई प्रर्वद्धन गर्नु ।

ख. नवप्रवर्तनका लागि स्थानीय । प्रदेश तहहरुवीच, स्थानीय तहहरु एक-आर्का बीच एवं स्थानीय तह तथा निजी क्षेत्रबीच सहकार्य र सहलागनी प्रर्वतन गर्नु ।

### १.३ कोषका मार्गदर्शक सिद्धान्त :(Guiding Principles of the Fund)

क. कोष सुशासनका नवीनतम आयामको प्रयोग, सार्वजनिक सेवा प्रवाहको नवीनतम अवधारणको अभ्यास तथा अनुवर्तन र स्थानीय आर्थिक विकासको प्रर्वद्धनको निमत्ती नवप्रर्वतनको अवधारणलाई संस्थागत गर्ने विशेष उद्देश्य लिएर गठित संयन्त्र हुनेछ र यसले आफ्नो संरचना र आफ्ना क्रियकलापहरुमा प्रदेश तथा स्थानीय तहको स्वामित्व बढाउन प्रोत्साहित गर्नेछ ।

ख. कोषले सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासको क्षेत्रमा समुदाय तथा निजी क्षेत्रमा समेतलाई साथ लिएर नवीनतम सोच र अवधारण सहितका नवप्रर्वतकारी योजना कार्यान्वयन गर्ने क्षमता विकास गर्न आफुलाई स्थापित गर्दै जोखिम बहन कोषका रुपमा स्थानीय तहलाई सहयोग गर्नेछ ।

ग. कोषको कार्य संचालन पद्धति, कायक्रम छनौट प्राथमिक निधारण एवं रकम विनियोजन जस्ता कुरामा केन्द्र निर्देशित भन्दा पनि स्थानीय तथा प्रदेश सरकारका आफ्ना आवश्यकता र प्राथमिकतामा आधारित तौर तरिका लागु हुनेछन ।

घ. कोषले अन्तर स्थानीय तहमा नविनतम अध्यास र सिकाई आदानप्रदान गर्न स्थानीय तहलाई अवसर उपलब्ध गराउनेछ ।

ङ कोषले कुनै एक स्थानीय तहका असल अभ्यासहरु लाई अन्य स्थानीय तहमा विस्तार गर्न सफल अभ्यासहरुलाई प्रदेश तथा संघीय सरकारमा स्तरोन्नति गर्न र असफलतका पाठहरु बारे अन्य स्थानीय तहलाई सूचित गर्नका लागि सहजीकरण गर्नेछ ।

च कोषले स्थानीय तहको नियमित बजेट तथा कार्यक्रमलाई प्रतिस्थापन गर्ने छैन र दोहोरोपना हुने गरी कार्यक्रम संचालन गर्ने छैन ।

## १.४ कार्यक्रमका जोखिम पक्षहरु (Risk aspects of the program)

१. स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेज समेतले देहाय अनुसार संभावित जोखिम र चुनौतीहरु उल्लेख गरेको छ ।

क. कम आय क्षमता भएका स्थानीय तहहरुले नवप्रर्वतन साझेदारी कोषमा लगानी गर्ने सामर्थ नहुन सक्ने ।

ख.स्थानीय तहहरू आफ्नै क्षमता विकासको विषयमा सर्घर्षरत रहेको अवस्थामा नवप्रवर्तनको विषयमा सोच्ने र  काम गर्ने समय नहुन सक्ने ।

ग. प्रतिस्पर्धले सहकार्यलाई समिति बनाउन सक्ने ।

घ. प्रदेश , स्थानीय तहबाट कार्यविधिले तोकेको क्षेत्रमा रकम खर्च हुन सक्ने

ङ. प्रदेश,स्थानीय तहबाट राजनीतिक चाहनाको आधारमा सरकार साझेदारहरुबाट आफू अनुकुलको क्षेत्रमा रकम खर्च कुन सक्ने ।

च. नवप्रर्वतन विषयमा समान बुझाई नहुन सकने र लागत साझेदारी प्रति आकर्षित नहुन सक्ने

छ . कोविड १९ महामारीको अवस्थाले प्रदेश तथा स्थानीय तहबाट नवप्रर्वतन साझेदारी कोषको प्रक्रिया भन्दा महामारी रोकथाम तथा उपचारमा खर्च हुन सक्ने

ज. नवप्रर्वतन साझेदारी कोष कार्यान्वयको बर्ष २०७८ । ७९ स्थानीय तहको निर्वाचनको बर्ष हुने भएकोले यो कार्यक्रम कम प्राथमिकतामा पर्न सक्ने ।

# परिच्छेद २

## ठुलो सिहोरवाको गुरुयोजना

### २.१ भुमिका :(Introduction)

कुनै पनि देशको विकासको लागि त्यस देशले विभिन्न किसिमका योजना ल्याउने गरेको पाइन्छ जस अन्तरगत नेपालले पनि पन्चबर्षिय योजना तथा आवधिक योजना जस्ता योजनाहरु ल्याई आम जनताको जीवनस्तर उकास्न प्रत्यन गरेको देखिन्छ। यसै अनुरुप स्थानीय सरकारको रुपमा रहको गाउपालिका तथा नगरपालिकामा बसोवास गर्ने जनताको जीवन स्तर उकास्नको लागि विभिन्न कार्यक्रम ल्याई कायान्वय गरेको पाईन्छ । तर यस्ता कार्यक्रमहरुको उपलब्धी भने देखिएको पाईदैन र कार्यक्रमहरु दोहरीने गरेको देखिन्छ। यसो हुनको पछाडी नगरपालिका तथा गाउपालिको गुरुयोजना नवनाई वा बनेको गुरुयोजना कार्यान्वयनको नगरिएको कारणले अधिकांश कार्यक्रम सफल भएको देखिदैन ।

कपिलवस्तु जिल्लामा रहेको मायादेवी गाउपालिकाले प्रयोगात्मक रुपमा नमुनावस्ती बनाउनको लागि मायांदेवी गाउपालिका वडा नं. ५ ठुलो सिहोरवालाई छनोट गरी स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रर्वतनको माध्यमबाट नविनतम सोच र शिर्जनशीतला प्रर्वद्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा ब्यवस्था भए अनुसार लुम्विनी प्रदेशको सहयोगमा नवप्रर्वतन साझेदारी कोष कार्यक्रम संचालनमा आएको छ। नविनतम प्रयोगको माध्यमबाट नमुना बस्ती बनाउन सकिन्छ भन्ने कुरालाई मध्यनजर गरि भौगोलिक सुचना प्रणालीमा आधारित यो गुरुयोजना निर्माण गरिएको छ ।

स्थानीय तहमा दिगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि आधार रेखा अत्यन्त महत्वपूर्ण हुन्छ त्यसैले यस मायादेवी गाउपालिका वडा नं. ५ ठुलो सिहोरवा गाउपालिका क्षेत्रभित्रका राजनितिक, आर्थिक, सामाजिक, धार्मिक, संस्कृतिक पर्यटकिय एवं अन्य पर्यावरणीय पक्षहरुको अवस्थालाई अध्ययन गरी विश्लेषणत्मक रुपमा गुरु योजना निर्माण गरिएको छ

## २.२ उद्देश्य : (Objective)

यस गुरु योजनाको उद्देश्य तपसिल बमोजिमको रहेकोछ ।

१.यस गुरु योजनाबाट मायाँदेवी गाउँ पालिकाको वडा नं. ५ अन्तरगत ठुलो सिहोरहवाको आर्थिक पक्षलाई आधार मानी पंन्चबर्षिय योजना निर्माण हुनेछ ।

२.यस गुरु योजनाले ठुलो सिहोरवाको दलित र अति विपन्नवर्गलाई आर्थिक तथा सामाजिक क्षेत्रमा जीवन स्तर उकास्नको लागि मद्दत गर्ने छ ।

३ यस पाश्वचित्रले जि.आई.एसबाट लिएका ठुलो सिहोरवाको सिमानाकंन तथा अन्य तथ्याक गुगलको अफ लाईन बाट हेर्न सकिनेछ जुन तथ्याकिय आधारमा हुनेछ ।

४ परियोजना पश्चात पनि गाउपालिकाले यस परियोजनालाई निरन्तरता दिन सक्नेछ ।

## २.३ अध्ययन क्षेत्र (Study Area)

यस गुरु योजनाको कार्यक्षेत्र कपिलवस्तु जिल्लाको मायांदेवी गाउपालिका वडा नं. ५ अन्तरगत ठुला सिहोरवा गाउंको हुनेछ । जसमा मुख्य गरि १२ दलित घरपरिवारलाई लक्षित गरिएको छ भने अन्य घरपरिवार लाई पनि समावेश गरिनेछ ।

## २.४ अपेक्षित प्रतिफल (Output Expected)

१. मायादेवी गाउपालिका वडा नं. ५ ठुलो सिहोरवाको पंचवर्षिय योजना निर्माण हुनेछ ।

२. नवप्रर्वतन साझेदारी कार्यक्रम समाप्त भएतापनि गाउपालिकाले यस आफ्नो यो योजना अनुसार कार्यक्रम बनाई लागु गर्नेछ ।

३. यस योजनाबाट यस ठुलो सिहोरवाका दलित अति पिछडीएको बर्गको आर्थिक तथा  सामाजिक क्षेत्रमा परिर्वतन गर्न सक्नेछ ।

४ यस योजनाको कायान्वयबाट आएको प्रतिफलले अन्य ठाउमा कार्य गर्न सजिलो हुनेछ ।

## २.५ अध्ययन विधि (Study method)

नेपाल सरकारले स्थानीय तह घोषणा गरे पछि  सन २०१७ मार्च १० गते गरेको पुनर:संरचना अनुसार स्थानीय तहको रुपमा यो मायादेवी गाउपालिका स्थापना गरिएको हो । स्थानीय स्तरमा विकास निमार्णको लागि योजना निर्माण गर्नको लागि भौतिक, आर्थिक, सामाजिक, बातावरणीय गाउँपालिकासंग तथ्याकिय स्रोत हुन जरुरी हुन्छ

कुनै पनि ठाउंमा परियोजना संचालन गर्नको लागि त्यस ठाउँको तथ्याकंय श्रोतको आवश्यकता पर्दछ । त्यसैले यस गुरु योजनाका निमार्णको लागि परियोजना अन्तरगत निमार्ण गरिएको पार्श्वचित्रको तथ्याकीय आधार र जि.आई एस विधि बाट लिएको तथ्याकीय आधार अनुसार योजना निर्माण गरिएको छ ।

यस गुरु योजना निर्माण गर्नको लागी दुई किसिमको तथ्याकं समावेश गरिएको छ

प्रथम तथ्याङ्क (Primey Data Collection)

दोस्रो तथ्याङ्क (Scondary Data Collection)

### क.प्रथम तथ्याङ्क (Primey Data Collection)

यस विधिमा उद्देश्य प्राप्तीको लागि आवश्यक सुचना संकलन गर्नका लागि प्रश्नावली निर्माण गर्ने काम गरिन्छ ।  गणकको माध्यमबाट समुदायसंग प्रत्यक्ष भेटधाटबाट सुचना संकलन गर्ने गरिन्छ । त्यसैले जि.आई.एसको माध्यमबाट प्रत्येक घरको लोकेश पोखरी, विद्यालय, तथा सिमाकंनको तथ्याकं लिईएकोछ ।

### ख.दोस्रो तथ्याङ्क (Scondary Data Collection)

यस विधिमा पहिले नै कसैले संकलन गरेको तथ्याङ्कलाई प्रयोग गर्ने गरिन्छ । जुन अन्य संघ संस्थाले प्रयोग गरेको हुन्छ ।

## २.६ निर्माण प्रक्रिया : (Steps of Making)

यस गुरुयोजना निर्माण गर्दा विभिन्न क्रियाकलाप संचालनमा ल्याईएको थियो ।

१ गाउँपालिकामा समन्वय सम्पर्क

२. गुरुयोजना संम्वन्धी अभिमुखीकरण

३. भौगोलिक सुचनाको लागि जि.आई.एस सर्वे

४. गुरुयोजनाको लागि खाका निर्माण

५  गाउ स्तरमा योजना सम्वन्धी छलफल

६. वडा स्तरमा योजना सम्वन्धी छलफल

७. रिर्पोट लेखन

८. गाउँपालिकामा दस्तावेज प्रस्तुतिकरण र सुझाव संकलन

९. पुनः रिर्पोट लेखन

१०. पुस्तक निर्माण तथा हस्तान्तरण

## २.७ सिमारेखा ( Limitation)

यस गुरुयोजनाले नवप्रर्वतन साझेदारी कोष कार्यक्रम अन्तरगत नवीनतम सोच र शिर्जनशीता प्रवर्द्धन कार्यक्रम लागु भएको कपिलवस्तु जिल्लाको मायाँदेवी गाउँपालिकाको वडा नं. ५ ठुलो सिहोरवालाई मात्र समेटेको छ । र सम्पूर्ण योजनाहरु ठुलो सिहोरवाको मात्र हुनेछ ।

## २.८ जिल्लाको नक्सा संग गाउपालिका र वडा नं. र सिहोरवाको नक्सा












# परिच्छेद ३

## ठुलो सिहोरवा गाउँको अवस्था पहिचान

### ३.१ ठुलो सिहोरवा गाउँको नक्सा

RESOURCE MAP SINGHORAWA



## ३.२ ठुलो सिहोरवा गाउँको परिचय

साविकको बलुहवा गाउँ विकास समिति वडा नं. ५ मा यो ठुलो सिहोरवा गाउँ पर्ने गर्दथ्यो । बर्तमान अवस्थामा मायाँदेवी गाउँ पालिका वडा नं ५ मा नै पर्दछ । हालको बेसलाईन सर्वे अनुसार गाउँको कुल जनसंख्या ६५२ रहेको छ जसमा ३१० जना महिला जनसंख्या छ भने पुरुष जनसंख्या ३४२ रहेकोछ । कुल घरधुरी  ८२ र कुल घरपरिवार संख्या १०३ रहेको छ । यो गाउँ समुन्द्र सतह भन्दा ९३ देखी १०० मिटरको उचाईमा रहेकोछ ।

## ३.३ भुमि क्षेत्र :

यस ठुलो सिहोरवा गाउँको हालको कुल क्षेत्रफल करिव १.३७६२ वर्ग किलो मिटर रहेकोछ । घरहरु एकै ठाउमा गुजुप्प पारेर बनाईएको छ भने अन्य जमिन कृषि योग्य जमिन रहेको देखिन्छ । यस ठाउमा सार्वजनिक पोखरी ५ वटा रहेको छ । अन्य प्राकृतिक श्रोत र साधन भने देखिदैन

## ३.४ घरधुरी तथा घरपरिवार क्रम संख्याः

यस मायादेवी गाउपालिकाको ठुलो सिहोरवामा घरधुरी हेर्दा जम्मा ८२ रहेकोछ भने घरपरिवार हेर्दा १०३ देखिन्छ । जसको अर्थ  घर एउटा भए पनि अंशवण्डा गरेर बसेको पाईन्छ ।

## ३.५ जनसंख्या

यस ठुलो सिहोरवाको जनसंख्याको अवस्था हेर्दा कुल जनसंख्या ६५२ रहेकोछ जसमा महिला जनसंख्या ३१० जना र पुरुष जनसंख्या ३४२ जना रहेकोछ । प्रतिशतको हिसावले गर्दा ४७.५५ महिला र ५२.४५ पुरुष रहेको आधारभुत सर्वेक्षणले देखाउछ ।

## ३.६. उमेर अनुसार जनसंख्याः

यस ठुलो सिहोरवाको उमेर अनुसारको जनसंख्या तपसिल बमोजिम रहेकोछ ।

| उमेर अनुसारको जनसंख्या | संख्यामा | | | प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ०–२ | १० | १५ | २५ | १.५३ | २.३० | ३.८३ |
| ३–५ | २८ | २७ | ५५ | ४.२९ | ४.१४ | ८.४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६–१० | ३८ | ३६ | ७४ | ५.८३ | ५.५२ | ११.३५ |
| ११–१४ | २९ | ३४ | ६३ | ४.४५ | ५.२१ | ९.६६ |
| १५–१८ | २५ | ३९ | ६४ | ३.८३ | ५.९८ | ९.८२ |
| १९–४५ | १३१ | १४२ | २७३ | २०.०९ | २१.७८ | ४१.८७ |
| ४६–६५ | ३६ | ३३ | ६९ | ५.५२ | ५.०६ | १०.५८ |
| ६६–१०० | १३ | १६ | २९ | १.९९ | २.४५ | ४.४५ |
| जम्मा | ३१० | ३४२ | ६५२ | ४७.५५ | ५२.४५ | १०० |

## ३.७ धर्म अनुसार घरपरिवार संख्याः

यस मायादेवी गाउँपालिकाको वडा नं. ५ अन्तरगतको ठुलो सिहोरवा बस्तीको धर्म अनुसारको घरपरिवार हेर्दा कुल घरपरिवार १०३ मध्ये १०२ घरपरिवार हिन्दु धर्म मान्ने र १ घरपरिवार इस्लाम धर्म मान्ने रहेको प्राथमिक तथ्याङ्कले देखाउछ ।

## ३.८ जाति अनुसार घरपरिवार संख्या

यस मायादेवी गाउँपालिका अन्तरगत ठुलो सिहोरहवा बस्तीको जातिगत अवस्था हेर्दा कुल घरपरिवार मध्ये दलित ४९ घरपरिवार, पिछडावर्ग ३४घरपरिवार, ब्राम्महण १९ घरपरिवार र मुसलमान १ घरपरिवार रहेको प्रारम्भिक तथ्याङ्कले देखाउछ ।

## ३.९ भाषा अनुसार घरपरिवार संख्याः

ठुलो सिहोरवा वडा नं. ५ मा बसोबास गर्ने सवै घरपरिवारले घरमा बोल्ने भाषा अवधि रहेको छ । जसलाई यस समुदायले मातृभाषाको रुपमा प्रयोग गर्दछन् । दोस्रो भाषाको रुपमा नेपाली भाषालाई प्रयोग गरेको पाइन्छ । जुन १०३ मध्ये ९२ घरपरिवार नेपाली भाषा लाई प्रयोग गरेको पाइन्छ । तर ११ घरपरिवारले नेपाली भाषा बोल्न जानेको देखिदैन ।

### ३.१० स्वास्थ क्षेत्र:

स्वस्थ्य रहनु सवै भन्दा ठुलो सम्पत्ती हो । यसै कुरालाई मध्ये नजर गरि यस ठुलो सिहोरवा गाउँका बासिन्दाको स्वास्थ्यको अवस्था हेर्नु अपरिहार्य हुन्छ । यस गुरु योजनामा पनि स्वास्थ्यका केही सूचकहरु राखिएको छ ।

### ३.१०.१. गर्भवति जाचको अवस्था

यस ठुलो सिहोरवा गाउँ मा बस्ने बासिन्दाहरु मध्ये  विगत २ बर्ष भित्र गर्भवति भएका महिलाहरुको गर्भजाचंको अवस्था हेर्दा १०० प्रतिशत गर्भवति महिलाले गर्भजाच गराएको देखिन्छ । सुत्केरी हुदां सम्म कम्तिमा चार पटक गर्भजाचं गराएको देखिन्छ । यसले के देखाउछ भने गर्भ जाचंको जानकारी यहाकां महिलाहरुमा रहेको देखिन्छ ।

### ३.१०.२.आइरन चक्की

यस ठुलो सिहोरवा गाउँमा बस्ने गर्भवति भएका महिलाहरुले विगत २ वर्षको अवधिमा १०० प्रतिशत महिलाले आइरन चक्की खाएको देखिन्छ । तर पूर्ण रुपमा भने ७९.१७ प्रतिशत महिलाले मात्र  खाएको देखिन्छ ।

### ३.१०.३. टिटि खोपको अवस्था

यस ठुलो सिहोरवा गाउँमा बस्ने गर्भवति भएका महिलाहरुले २ वर्ष भित्रमा टिटि खोप लगाएको अवस्था हेर्दा १०० प्रतिशत महिलाले २ वटा टिटि खोप लगाएको देखिन्छ ।

### ३.१०.४ गर्भवति महिलाले जुकाको औषधि खाएको अवस्था

यस ठुलो सिहोरवा गाउँमा बस्ने गर्भवति भएका महिलाहरुले  २ वर्षको अवधिमा जुकाको औषधि खाएको अवस्था हेर्दा १०० प्रतिशत महिलाले जुकाको औषधि खाएको आधारभुत सर्वेक्षणले देखाउछ । जुन तलको तालिकाबाट हेर्न सकिन्छ ।

### ३.१०.५ सुत्केरी गराएको ठाउं

सुत्केरी (सौरी) गराउने ठाउँको अवस्था हेर्दा यस ठुलो सिहोरवा गाउँमा विगत २ बर्ष भित्रमा ` अस्पतालमा ७०.८३ प्रतिशत, घरमा स्वास्थ्यकर्मि बाट १६.६७ प्रतिशत र घरमा स्वास्थ्यकर्मी विना १२.५० प्रतिशतले सुत्करी गराएको देखिन्छ ।

### ३.१०.६.सुत्केरी पछि आमा र बच्चाको जांच

ठुलो सिहोरवा वडा नं. ५ मा सुत्केरी पछि आमा र बच्चाको जाचको अवस्था हेर्दा सुत्केरी पछि आमा र बच्चाको जाच गराउने जम्मा ५८.३३ प्रतिशत र नगराउने ४१.६७ प्रतिशत रहेको देखिन्छ ।

### ३.१०.७ स्तनपानको अवस्था

नव प्रवर्तन साझेदारी कोष अन्तरगत कार्यक्रम लागु भएको यस ठुलो सिहोरवा गाउँमा स्तनपानको अवस्था हेर्दा २ बर्ष भित्र सुत्केरी भएको महिलाले विगौती दुध खुवाएको १०० प्रतिशत छ भने ६ महिना सम्म आमाको दुध मात्र खुवाएको ८३.३३ प्रतिशत रहेको छ साथै छ महिना पछि थप खाना (कम्तीमा ४ पटक) खुवाएको अवस्था हेर्दा ९१.६७ प्रतिशत रहेको देखिन्छ ।

### ३.१०.८ कुपोषणको अवस्था

यस मायाँदेवी गाउँपालिकाको ठुलो सिहोरवा गाउँका ३ बर्षमुनिका बालबालिकाहरुको कुपोषणको अवस्था हेर्दा १ जना बालिकालाई कडा कुपोषण भएको देखिन्छ भने अन्य समान्य रहेको देखिन्छ ।

### ३.१०.९ खोपको अवस्था

यस सिहोरबा गाउँका २ बर्ष मुनिका बालबालिकाको खोपको अवस्था हेर्दा ९६ प्रतिशत विसिजि, ९२ प्रतिशत डिपिटि-१, ९२ प्रतिशत डिपिटि -२, ८८ प्रतिशतडिपिटि-३ र दादुरा ८० प्रतिशत रहेको प्रारम्भिक तथ्याङ्कले देखाउछ ।

### ३.१०.१० जुका औषधि, भिटामिन ए र विशेष पोलियो थोपा

यस सिहोरवा गाउँका ५ बर्षमुनिका बालबालिकाले जुका, भिटामिन ए र विशेष पोलियो थोपा खुवाएको अवस्था हेर्दा जुकाको औषधि खाएका ९६ प्रतिशत, भिटामिन ए ९२ प्रतिशत र विशेष पोलियो थोपा ९२ प्रतिशत रहेको देखिन्छ ।

### ३.१०.११. एच आई भि एडस

सिहोरवा गाउँको घरपरिवारमा एच आई भि एड्सको संक्रमित कुनै पनि घरपरिवार रहेको देखिदैन । नोट : यस जिल्ला अस्पतालबाट मात्र थाहा हुने भएकोले तथ्याकं नआउन सक्छ ।

### ३.१०.१२ आयोडिन नुन

मायांदेवी गाउँपालिकाको वडा नं. ५ को ठुलो सिहोरवा गाउँको जम्मा १०३ घरपरिवार मध्ये १ घरपरिवारले अझै पनि ढिक्के नुनको प्रयोग गरेको पाईएको छ ।

### ३.१०.१३ सरुवा रोगबाट २ बर्ष भित्र मृत्यु हुने

यस ठुलो सिहोरवा गाउँमा २ बर्ष भित्र सरुवा रोगबाट मृत्यु हुने १८ बर्ष मुनिका बालबालिका जम्मा ५ जना देखिएको छ जुन झाडापखालाले मृत्यु भएको देखिन्छ । भने १८ बर्ष माथिको उमेर समुहमा हेर्दा ९ जना भएको देखिन्छ ।

### ३.१०.१४ विरामी पर्दा लैजाने ठाउ

वडा नं. ५ को ठुलो सिहोरवा गाउँको बासिन्दा विरामी हुदां प्राय उपचारका लागि जाने ठाउँको अवस्था हेर्दा प्राइभेट क्लिनिकमा जाने कुल घरपरिवार मध्ये ७६ घरपरिवार र सरकारी स्वास्थ्य संस्थामा जाने २७ घरपरिवार रहेको देखिन्छ । जसमा भारतमा प्राइभेटमा जाने गरेको देखिन्छ भने सरकारीमा प्राय पालिकाको स्वास्थ्य संस्था जाने गरेको आधारभुत तथ्याकंले देखाउछ

## ३.११ शिक्षा क्षेत्र

मानविय श्रोतको मुख्य रुपमा शिक्षालाई लिईन्छ । जसले त्यस ठाउँको अवस्थालाई चित्रण गरेको देखिन्छ । यस सिहोरवाको शैक्षिक अवस्थालाई तलको टेवुलले देखाउछ ।

### ३.११.१. साक्षरता

यस ठुलो सिहोरवा गाउमा सामान्य लेख पढ गर्न सक्ने ( साक्षरता) को अवस्था हेर्दा महिला साक्षरता ७१.६१ प्रतिशत र पुरुष साक्षरता ८३.६७ प्रतिशत देखिन्छ । भने कुल साक्षरता हेर्दा ७७.९७ प्रतिशत रहेको देखिन्छ ।

नोट : साक्षरतामा ५ बर्ष मुनिका बालबालिकाको जनसंख्यालाई समावेश गरिएको छैन ।

### ३.११.२. बाल विकास केन्द्र

यस ठुलो सिहोरवामा एउटा मात्र बाल विकास केन्द्र रहेको छ। बालविकास केन्द्रमा जाने उमेर समुहका ३ पुरा भई ५ बर्ष मुनि उमेर समुहका बालबालिकाको आधारमा जम्मा ६५.६३ प्रतिशत मात्र बालबालिका केन्द्र जाने गरेको पाईन्छ । यसले के देखाउछ भने उमेर पुगे पनि बालबालिका केन्द्रमा नपठाएको या उमेर नपुग्दै कक्षा एकमा बालबालिकालाई पठाउने देखिन्छ त्यस्ता बालबालिका १२.८६ प्रतिशत रहेको देखिन्छ ।

### ३.११.३.आधारभुत शिक्षाको अवस्था

नेपाल सरकारले प्राथमिक विद्यालय र निम्नमाध्यमिक विद्यालयलाई समावेश गरि आधारभुत शिक्षाको अवधारणा ल्याएको हुदाँ यस तथ्याकंमा पनि ५ देखी १२ बर्षको उमेर समुहलाई आधारभुत शिक्षा लिनेमा समावेश गरिएको छ सो अनुसार यस सिहोरवा गाउँमा आधारभुत शिक्षा लिने बाललिका ९८.३२ प्रतिशत र विद्यालय नजाने १ बालिका र १ बालक रहेको देखिन्छ ।

यसरी शिक्षा लिने विद्यार्थी गाउँको विद्यालयमा ५१ जना बालबालिका र पालिका भित्रका विद्यालयमा जाने ६५ जना रहेको देखिन्छ। र १ जना बालक भारतमा पढन जाने देखिन्छ ।

### ६.११.४. माध्यमिक तथा अन्य शैक्षिक अवस्था

यस सिहोरवा गाॅउमा माध्यमिक शिक्षा पढदै गरेका र अन्य शिक्षा लिई सकेका महिला पुरुषको अवस्था हेर्दा माध्यमिक शिक्षा ६४ जना, प्लस टु २१ जना, स्नातक तह १४ र स्नाकोत्तर वा सो भन्दा माथी २ जना रहेका छन ।

### ३.१२. आर्थिक क्षेत्र

आर्थिक क्षेत्र भन्नाले भौगोलिक सीमा भित्रको क्षेत्रलाई जनाउछ जसमा लगानी आकर्षित हुन्छ। समाजिक र आर्थिक विकास र राष्ट्रिय र सुरक्षाको संरक्षण गर्ने उद्देश्यले धेरै क्षेत्ररु समावेश हुन्छन । क्षेत्र सीमा भित्र बस्ने बासिन्दाको जिविकोपार्जन गर्न बस्तु उत्पादन, सेवा उत्पादन गर्ने जस्ता कार्य पर्दछन । चाहे त्यो कृषि तथा पशुपालन होस चाहे त्यो ब्यपार ब्यवसाय किन नहोस । यस सीमा भित्रका घर, उत्पादन, आय श्रोतले यहाको आर्थिक विकासको सुचाकंलाई समेटने गर्दछ। यसैलाई आधार मानी यस मायाँदेवी गाउँपालिकाको वडा नं. ५ अन्तरगत ठुलो सिहोरवाको आर्थिक अवस्थालाई यहां प्रस्तुत गरिएको छ ।

### ३.१२.१. घरको छानाको अवस्था

घरको छानाको अवस्था हेर्दा आज भन्दा दुई बर्ष पहिले पक्कि ढलान ८४ वटा थिए भने हाल ५ घर बढन गई ९६ वटा रहेका छन त्यस्तै गरि टिनको छाना ३ परिवारबाट १३ घरपरिवारमा रहेको देखिन्छ भने खर परालको छाना ४ घरपरिवार र खपडा तथा झिगटिको छान २ बर्ष पहिले १ घरपरिवार रहेकोमा हाल शुन्य घरपरिवार रहेको छ ।

### ३.१२.२. खाना पाकाउनको लागि प्रयोग हुने इन्धनः

यस मायाँदेवी गाउपालिका वडा नं.५ ठुलो सिहोरवाका बासिन्दाले खाना पकाउनको लागि प्रयोग हुने इन्धनको अवस्था हेर्दा कुल परिवार संख्याको ५८.२५ प्रतिशतले गोबर गुईठा, १२.६५ प्रतिशत घरपरिवारले दाउरा, २८.१६ प्रतिशत घरपरिवारले एल.पि ग्यास र १.९४ प्रतिशतले गोवर ग्यासको प्रयोग गर्ने देखिन्छ ।

### ३.१२.३. खाना पकाउने चुलो अवस्था

यस मायाँदेवी गाउपालिका वडा नं.५ ठुलो सिहोरवाका बासिन्दाले खाना पकाउनको लागि प्रयोग हुने चुलोको अवस्था हेर्दा कुल परिवार संख्याको ५९.९० प्रतिशतले अगेना, र ३०.१० प्रतिशतले ग्यास चुलाको प्रयोग गरेको देखिन्छ ।

### ३.१२.४ बत्तिको श्रोतको अवस्था

मायाँदेवी गाउँपालिका ठुलो सिहोरवाका बासिन्दाले बत्तिको श्रोतको अवस्था हेर्दा राष्ट्रिय प्रसारण लाइनको प्रयोग गर्ने घरपरिवार कुल घरपरिवारको ९९.०३ प्रतिशत र एउटा मात्र घरपरिवारले मट्टीतेलको प्रयोग गरेको पाईन्छ ।

### ३.१२.५ मुख्य पेशा

मुख्य पेशाको अवस्था हेर्दा वडा नं.५ ठुलो सिहोरवाका बासिन्दाले कृषिलाई मुख्य पेशा बनाएका बासिन्दा ७४.७६ प्रतिशत, मजदुरी १५.५३ प्रतिशत, नोकारी ०.९७ प्रतिशत र बैदेशिक रोजगार ८.७४ प्रतिशत रहेको देखिन्छ ।

### ३.१२.६ खाना पुग्ने र बेच्ने

